**निर्णय नं.१:-**

कोहलपुर नगरपालिका वडा नं. २ मा निर्माण हुन लागेको कवर्ड हल सम्बन्धमा विवाद भएकोले सम्बन्धित सरोकारवाला, राजनिति दलका प्रतिनिधिहरु संग छलफल गरी निर्माण कार्य संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ :-**

वातावरण तथा ग्रामिण विकास केन्द्र (इन्रुडेक) र नगरपालिका बिच सम्झौता गरे बमोजिम कोहलपुर नगरपालिका र वडा कार्यालयहरुमा हेल्प डेस्क संचालनको लागि सम्बन्धित संस्थाले रु. २ लाख ४६ हजार र नगरपालिकाले ५ लाख व्यहोर्ने निर्णय गरियो साथै नगरपालिकाले व्यहोर्ने रकम वातावरण तथा विपत व्यवस्थापन सि.नं. २(ग) को रु.७ लाख मध्ये रु. ५ लाख ल्याण्ड फिल्ड साइडको IEE शिर्षकमा विनियोजन गरेको रकमबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :-**

यस नगरपालिकाको Wash Master Plan निर्माण र राजश्व कर सम्वन्धि अध्ययनको लागि आर्थिक विकास तर्फको कार्यक्रम मध्ये सि.नं. २५ मा नगर गुरुयोजनामा (Master Plan) विनियोजित रकम रु.२३ लाख ५० हजार मध्ये Wash Master Plan निर्माणमा रु.१२ लाख र राजश्व कर सम्बन्धि अध्ययनको लागि रु. ५ लाख संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :-**

कोहलपुर नगरपालिका आर्थिक विकास शाखा अर्न्तगत सि.नं.३ **युवा उद्यम विकास कोषमा** विनियोजित रकम रु. १२ लाख मध्ये युवाहरुलाई लक्षित गरी रु. ५ लाखबाट भुकम्प रहित घर निर्माणको लागि स्थानीय युवा युवतीलाई तालिम दिने र प्रमाण पत्र प्राप्त गरेकोलाई कोहलपुर नगरपालिका कार्यालयको निर्माण क्षेत्र संचालनमा मिस्त्रीको लागि प्राथमिकतामा राख्ने निर्णय गरियो र बाँकी रु. ७ लाख समपुरक कोषमा थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ :-**

कोहलपुर नगरपालिका वडा नं. ७, ८ र १४ मा अवस्थित वैजनाथ सामुदायिक वन र विन्दावासीनी सामुदायिक वनमा साना तिना बुट्यानहरु मात्र रहेकोले उक्त सामुदायिक वनहरुमा औद्योगिक क्षेत्र निर्माणको लागि सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ :-**

यस नगरपालिकाको योजना फरफारक पुस्तिकाको सूचीमा संलग्न योजनाहरु सम्पन्न भई अन्तिम बिल भुक्तानी भईसकेका योजनाहरुलाई फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ :-**

नगरपालिकामा रहेका विषयगत समितिहरुबाट भए गरेका निर्णयहरु कार्यपालिकाको बैठकमा पेश गरी अनुमोदन गराउनु पर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :-**

नगरपालिकाको रु.५ लाख सम्मको (लागत सहभागिता र श्रमदान बाहेक) अनुदानमा संचालन भएका योजनाहरुको अनुगमन र कार्य सम्पन्नको सिफारिस सम्बन्धित वडा समितिबाट भए पछि अन्तिम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.९ :-**

विषयगत समितिबाट संचालन भएका लक्षित कार्यक्रमहरु रु. १ लाख सम्म सम्बन्धित विषयगत समितिको अनुगमन र मूल्यांकनको आधारमा रु. १ लाख भन्दा बढिका योजना तथा कार्यक्रमहरु नगर उप-

प्रमुखको संयोजकत्वमा गठित अनुगमन समिति र सम्बन्धित समितिका संयोजक तथा विषयगत शाखा प्रमुख सहितको अनुगमन टोलीबाट सिफारिस भएमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१० :-**

समपुरक कोषको रकम खर्च व्यवस्थापन सम्बन्धमा समपुरक कोषमा सम्बन्धित संघ संस्था तथा उपभोक्ता समितिले ३० प्रतिशत नगद लागत सहभागिता व्यहोर्ने र बाँकी ७० प्रतिशत अनुदान नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.११ :-**

सामाजिक विकास तर्फ निम्न आर्थिक अवस्था भएका बालबालिकाहरुलाई बिमा कार्यक्रममा विनियोजन गरेको रकम रु. ५ लाख खर्च हुन नसकेकोले उक्त रकमबाट श्री लक्ष्मि मा.वि. वर्दहवामा संचालन भएको कृषि क्याम्पसको लागि कृषि औजार, कार्यालय सामान तथा वाली विज्ञान समुहका सामाग्रीहरु खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ :-**

अर्थ मन्त्रालयको प.सं. ०७४/०७५, च.नं. ११४८ र मिति २०७४/१२/२१ गतेको प्राप्त पत्रानुसार समान्यीकरण अनुदानको बारेमा विषयगत समितिका संयोजकहरुले क्षेत्रगत सिलिङ्ग सम्बन्धित विज्ञहरु संग छलफल गरी पत्रमा उल्लेखित शर्त/प्राथमिकताका आधारमा तय गरि १५ दिन भित्र बजेट, योजना तथा कार्यक्रम तर्जुमा गरी पेश गर्न सबै विषयगत समितिका संयोजकहरुलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ :-**

यस नगरपालिकाको घर नक्सा फाँटका इन्जिनियर अजय बहादुर अधिकारीको राष्ट्रिय योजना आयोगको सचिवालय राष्ट्रिय स्वयम् सेवक सेवाको मिति २०७५/१/२८ गते देखि म्याद सकिएको र तत्काल स्थायी इन्जिनियरको व्यवस्था नभएको र न.पा.बाट पदपूर्ती गर्दा केही समय कार्य सम्पादनमा असहज पुग्ने भएको हुँदा मिति २०७५/१/२९ गते देखि लागु हुने गरी मिति २०७५ आषाढ मसान्त सम्म रु.३०,५००।- ( अक्षरेपी तीस हजार पाँच सय) मासिक पारिश्रमिक दिने गरी म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४ :-**

कक्षा ८ को नगरस्तरीय परीक्षा संचालनका क्रममा उत्तर पुस्तिका परीक्षणका लागि रु.४१ हजार कम पर्न गएको भनी नगर शिक्षाबाट माँग भई आएकोले मर्ज भएका विद्यालयमा जाने भर्ना अभियान कार्यक्रमको रु. १६ हजार र खानेपानी (दिप शिखा आ.वि.) मर्मत रु. २५ हजार गरी रु.४१ हजार उत्तरपुस्तिका परिक्षणमा खर्च गर्नको लागि माग गरेकोमा उक्त शिर्षकमा रु.४१ हजार खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५ :-**

यस नगरपालिका स्थित तपसिलका विद्यालयका शिक्षकहरुलाई निम्नानुसारको विद्यालयमा पदस्थापना गर्ने निर्णय गरियो ।

**तपसिल :-**

| क.सं. | शिक्षकको नाम | किसिम | साविकको विद्यालय | पदस्थापना गरेको विद्यालय |
|---|---|---|---|---|
| १ | गंगा ढकाल | राहत | श्री राम जानकी प्रा.वि.कोहलपुर | श्री ज्ञान ज्योती मा.वि. चप्परगौडी |
| २ | पुष्पा कुमारी रजौरे | राहत | श्री राम जानकी प्रा.वि.कोहलपुर | श्री ज्ञान ज्योती मा.वि. चप्परगौडी |
| ३ | रुपा पुन | स्थाई | श्री जनता प्रा.वि.कोहलपुर | श्री कृष्ण मा.वि. कौशिलानगर |

| | | | | |
|---|---|---|---|---|
| ४ | चन्द्रावती अधिकारी | स्थाई | श्री राम जानकी प्रा.वि. | श्री त्रिभुवन मा.वि. कोहलपुर |
| ५ | जयन्ती गिरी | राहत | श्री दिपशिखा प्रा.वि. | श्री ज्ञान ज्योती मा.वि. बगिया |
| ६ | तिला कुमारी वली | राहत | श्री दिपशिखा प्रा.वि. | श्री ज्ञान ज्योती मा.वि. बगिया |
| ७ | मोतिसरा ढकाल | राहत | श्री दिपशिखा प्रा.वि. | श्री श्रृजना बाल प्रा.वि.हवल्दारपुर |
| ८ | लक्ष्मी सापकोटा | राहत | श्री शान्ति निकेतन प्रा.वि. | श्री सगरमाथा ज्ञानपुञ्ज मा.वि. |
| ९ | रमा शर्मा | राहत | श्री शान्ति निकेतन प्रा.वि. | श्री ने.रा.आ.वि.चटार |

**निर्णय नं.१६ :-**

यस नगरपालिकाको कार्यालय प्रयोजनको लागि जेनेरेटर र वडा कार्यालयहरुको लागि फ्रिजहरु मेशिनरी सामाग्री शिर्षकबाट खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७ :-**

यस नगरपालिकाको कार्यालयमा राखिएको सि.सि. टि.भि. क्यामरामा भएको भुक्तानी रकमलाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८ :-**

एकजुट बाल विकास केन्द्र कोहलपुर - ११ लोकनगरको भवनमा विद्युत लाईन जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९ :-**

विशेष परिस्थिती र प्रचलित ऐन बाहेक अन्य अवस्थामा उपभोक्ता समितिलाई दिएको लागत अनुमान संशोधन नगर्ने निर्णय गरियो ।

**निर्णय नं.२० :-**

यस नगरपालिकाको कार्य सम्पादनलाई व्यवस्थित गर्न तपसिल बमोजिमका कार्यविधिहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल :-**

१. कोहलपुर नगरपालिका उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्य विधि - २०७५

२. कोहलपुर नगरपालिकाका 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्य विधि - २०७५

३. कोहलपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्य विधि - २०७५

**निर्णय नं.२१ :-**

कोहलपुर नगरपालिका वडा नं. १० कालिकानगर गोमा शाहीको घर देखि दाहालको घर सम्मको बाटो कालोपत्रेको लागि रु. ३ लाख विनियोजन भएकोमा हाल कालोपत्रेलाई बजेट नपुग भएकोले कालो पत्रे संशोधन गरी उक्त बाटो स्तरोन्नत्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२ :-**

कोहलपुर नगरपालिका वडा नं. १५ को निर्माणाधिन योजनामा १४ मिटर जाली (ग्याभिङ्ग) र १४ घन मिटर ढुङ्गा कम भई निर्माण कार्य अधुरो भएको हुँदा उक्त कार्यको बजेट व्यवस्थापनको लागि प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

प्रसाद देवकोटा
कीय अधिकृत

**निर्णय नं.२३ :-**

यस नगरपालिकाको प्रयाप्त आधार र औचित्यको आधारमा रकम रकमान्तर गर्न संशोधन गर्न आर्थिक विकास शाखा अर्न्तगत सहकारीहरुको क्षमता विकास सम्बन्धि कार्यक्रम संचालन गर्ने जिम्मा आर्थिक विकास शाखालाई दिने निर्णय गरियो ।

**निर्णय नं.२४ :-**

न्यायिक समिति र उपभोक्ता हित संरक्षण समितिबाट हाल सम्म भएका निर्णय र कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५ :-**

श्री राम जानकी प्रा.वि. चप्परगौडीले चर्चेको सार्वजनिक जमिन नगरपालिकाको स्वामित्वमा राख्ने निर्णय गरियो ।

**निर्णय नं.२६ :-**

तपसिल बमोजिमका व्यक्ति तथा संघ संस्थालाई निम्नानुसारको आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

तपसिल :-

१. औषधी उपचार खर्च नगर प्रमुख (आर्थिक सहयोग शिर्षकबाट) रु.१ लाख ३ हजार

२. कोहलपुर वडा नं. १३ बस्ने भुपेन्द्र रुचाल प्यालाराइसिस रु.१० हजार

३. कोहलपुर वडा नं. १३ बस्ने भुपेन्द्र दमाई टाउको सम्बन्धि रोग रु.१० हजार

४. कोहलपुर वडा नं. ५ बस्ने सफिक कसघर आगोलागीबाट क्षेती रु.३० हजार

५. कोहलपुर वडा नं. १५ बस्ने सुक्मा लोहारनीको पाठेघर अप्रेसन रु.२९ हजार

६. कोहलपुर वडा नं. ८ बस्ने तिलसरी बुढा (ढाड भाचिएको) रु.१५ हजार

७. कोहलपुर वडा नं. १२ हमलाल गिरी (आगो लागीबाट क्षती) रु.२५ हजार (खर्च अनुमोदन गरिएको)

८. कोहलपुर वडा नं. ६ बस्ने लउटी थरुनी (मुटु रोगी) रु.१० हजार

**निर्णय नं.२७ :-**

साविक रझेना, शम्शेरगंज र कोहलपुर गाँउ विकास समितिमा स्थापना भएका मेलमिलाप कोषको रकम नगरपालिकाले संचितकोषमा जम्मा गरी सामुदायिक मेलमिलाप तथा न्याय समितिले तालिम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८ :-**

यस नगरपालिकाको श्रोतबाट संचालन गर्न नसकिने तपसिलका योजना तथा कार्यक्रमहरु प्रदेश तथा संघिय सरकार संग माग गर्ने निर्णय गरियो ।

तपसिल :-

१. कोहलपुर नगरपालिका कार्यालयको भवन निर्माण

२. वडा नं. ७ को लखना देखि बनखेत जोड्ने डुडुवा खोलामा १ वटा झोलुङ्गे पुल

३. पिपरी चोक देखि सानो डुडुवा पुल सम्म ढल तथा नाली निर्माण क्रमागत

४. कोहलपुर वडा नं. ८ नयाँ बस्ती मदन नगर सडक खण्डमा पर्ने नालामा पुल निर्माण

५. कोहलपुर वडा नं. ८ मदननगर छेउ लाइन डुडुवा खोलामा ७०० मि. तटबन्धन

६. कभर्ड हल निर्माण कोहलपुर वडा नं. २ तेह्र विघाह

७. घण्टा घर कोहलपुर वडा नं. ११ गोलपार्क

८. ५६ कि.मि. रिङ्गरोड (हवल्दारपुर, अक्कलघरुवा, गोहवा, मदनचोक, कौशिल्यानगर, खड्कवार, प्रगतीनगर, रोहीणी, सिम्रि, मन्नापुर, पिपरी, लखना हुँदै हवल्दारपुर सम्म)

९. रङ्गशाला निर्माण कोहलपुर वडा नं. २ तेह्र बिघा सिद्धिविनायक सामुदायिक वन

१०. तटबन्धन

११. आधुनिक पार्क निर्माण रक्षा सामुदायिक वन, सिद्धि विनायक सामुदायिक वन, सृजना सामुदायिक वन

१२. कोहलपुर वडा नं. १२ निवुवा देखि खड्कवार हुँदै सल्यान घुइयाबारी सडक निर्माण

१३. साना किसान सुदृणिकरण कार्यक्रम

१४. पशु तथा कृषि बिमा

१५. डेरी उद्योग कृषिमा आधारित

१६. लिफ्ट सिँचाई डुडुवा खोलाबाट

१७. कोहलपुर नगर बाटिका निर्माण (बृहत उद्यान)

१८. ढल निकासको टेण्डरबाट रोहीणी खोला सम्म पक्की ढल निर्माण

१९.कोहलपुर वडा नं. ८ पिपरी चोक देखि नहर सम्म ९०० मि. पिच बाटोको छेउमा ढल निकास तथा पक्की नाली निर्माण

२०. सरस्वती मा.वि.को ६ कोठे भवन निर्माण कोहलपुर वडा नं. ८

२१.कोहलपुर वडा न. ८ सानो डुडुवा पुलबाट अगाडी झरकट्टी सम्म ७०० मी. कालोपत्रे (सडक विभागबाट निर्माणाधिन योजनालाई बजेट थप तथा निरन्तरता)

२२. कोहलपुर वडा नं. ९ गणेशटोल पुरुषोत्तमको घर देखि महादेव थारुको घर सम्म ५०० मी. कालोपत्रे

२३. कोहलपुर नगरपालिका वडा नं. १३ भरैया, सिम्रहवा विचमा पर्ने रोहीणी खोलामा पुल निर्माण

२४. सिमरहवा जमुनाघारी जोड्ने कल्भर्ट निर्माण

**निर्णय नं.२९** :-

यस नगरपालिकाको प्रथम नगर सभाबाट स्वीकृत योजनाहरु टेण्डर मार्फत संचालन भएका योजनाहरुबाट बचेको (Below) योजनालाई विनियोजन गरिएको रकम योजना टेण्डर प्रकृयामा गई सम्झौता समेत भई सकेका तर टेण्डर घटिघटाउ हुँदा सोही योजनावाट बचेको रकम तपसिल बमोजिमको योजनालाई उपभोक्ता समितिबाट निरन्तरता दिने निर्णय गरियो ।

**तपसिल** :-

क) पिपरी सरस्वती चोक नयाँ बस्ती सडक कालो पत्रे योजनाबाट बचेको रकम यस नगरपालिका वडा नं. ८ सरस्वती चोकमा सरस्वतीको स्तम्भ बनाउने र साथै सरस्वती चोकको तिनै कुनामा कन्कीट नाली र बाटो चौडा गरी पिच कार्य अगाडी बढाउने ।

ख) कौशिल्यानगर १ 'क' लाइन पुलिस बिट देखि तिलक न्यौपानेको घर सम्म बाटो कालो पत्रेबाट बचेको रकम त्रिवेणी चोक देखि मुसिकोटे लाइन ४०० मी. कालोपत्रे निरन्तरता ।

ग) महेन्द्र राजमार्ग डुडुवा खोला रोहीणी खोला सम्म ढल निकासबाट बचेको रकमबाट सोही योजनालाई निरन्तरता दिने ।

घ) वडा नं. १० को बन्दा देखि त्रिभुवन मा.वि. रम्भेना गाँउ हुँदै बेडनपुर सडक कालोपत्रे निरन्तरता ।

निर्णय नं.३० :-

नगर कृषि शाखाको कार्यक्रम अर्न्तगत पुत्का मौरी संरक्षणको लागि अनुदान सहयोग शिर्षकको रकमबाट खर्च हुने गरी भारतको केरलामा हुन गई रहेको अन्तराष्ट्रिय पुत्का मौरी संरक्षण तालिममा संमृद्धीको अभियान नेपाल बाँके, कोहलपुरबाट ३ जना सहभागी पठाउने निर्णय गरियो ।

निर्णय नं.३१ :-

कोहलपुर नगरपालिका वडा नं. २ साविक रम्भेना वडा नं. ४ बाँकेको कित्ता नं. ९८ मध्ये १३-०-० तेह्र विघाह जमिन लर्ड बुद्ध एजुकेशन एकेडेमीले मिति २०५३ साल पौष ४ गते नेपाल सरकार शिक्षा मन्त्रालयबाट ४९ बर्षको लागि नेपालगंज मेडिकल कलेज संचालनार्थ उपभोग गर्ने भनि सम्भौता भएकोमा हाल उक्त जमिन लर्डबुद्ध एकेडेमीले उपभोग नगरेकोले यस कोहलपुर नगरपालिकाको नगर सभा र कार्यपालिको बैठकको निर्णय अनुसार कभर्ड हल, यातायात व्यवस्था कार्यालय, सि.टि.इ.भि.टि., क्षयरोग रेफरल सेन्टर प्रदेश नं. ५ लगायत अन्य कार्यालयहरुलाई उक्त स्थानमा व्यवस्थापन गर्ने निर्णय गरेकोले लर्ड बुद्ध एजुकेशन एकेडेमीले सम्भौता भए बमोजिम उक्त जग्गा उपभोग नगरेकोले सम्भौता बदरको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने भनि निर्णय गरियो ।

निर्णय नं.३२ :-

कोहलपुर नगरपालिका वडा नं. ५ स्थित श्री शान्ति निकेतन प्रा.वि. को रिक्त अस्थायी दरबन्दी वडा नं. १ स्थित श्री जन ज्ञान ज्योती मा.वि. कौशिल्यानगरमा सार्ने निर्णय गरियो ।

निर्णय नं.३३ :-

नेपाल विद्युत प्राधिकरण शाखा कार्यालय कोहलपुरबाट वडा नं. १ कौशिल्यानगर 'क' लाईनमा सडक विस्तार विद्युतपोलहरु हटाउने कार्यको लागि लाग्ने लागत अनुमान रु.२,६६,३३०।१४ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.३४ :-

कोहलपुर वडा नं. ९ गणेश टोल देखि थापा चोक सम्म ह्यूम पाइप सहित पक्की नाली निर्माण र बाटो ग्रयाभेलका लागि भनि रु.३ लाख विनियोजित भएकोमा उक्त योजनालाई संशोधन गरी सोही ठाँउमा नाली निर्माण कार्य मात्र गर्ने निर्णय गरियो ।

निर्णय नं.३५ :-

क्षेत्रिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको लागि खेलकुद विकास समिति बाँकेलाई रु.५०,०००। अक्षरेपी पचास हजार खेलकुद विकास शिर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं.३६ :-

फोर एच नेपाललाई दोश्रो युवा कृषि उद्यम सम्मेलनको लागि आर्थिक विकास शाखा युवा उद्यम कोषबाट रु.२५,०००। अक्षरेपी पच्चिस हजार सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं.३७ :-

यस कोहलपुर नगरपालिकामा थारु बस्तीको बाहुल्यता भएको हुँदा थारु संस्कृती भल्कीने संग्रहालय निर्माणको लागि आवश्यक बजेट तथा प्राविधिक सहयोगको लागि संघीय तथा प्रदेश सभा संग माग गर्ने निर्णय गरियो ।

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके

०७५।१।२५

प्रसाद देवकोटा अधिकृत